प्र.जि.अ.का.झापा द.नं. २६।०३९।४०

# जनज्योति
साप्ताहिक
Janajyoti Weekly

■ वर्ष: ४५ ■ अंक : ११ ■ २०८३ असार ०७ गते आइतबार ■ Sunday, 14 June 2026 ■ मूल्य रू. ५।-

## कृषि उत्पादन वृद्धि गरौं, खाद्य सुरक्षा सुनिश्चित गरौं

- कृषि पेशाको सम्मान र प्रवर्द्धन गरौं,
- आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन वृद्धि गरौं,
- उन्नत बीउ, मल तथा सिँचाइको उचित प्रयोग गरौं,
- जमिनको सदुपयोग गरी खेतीयोग्य भूमि संरक्षण गरौं,
- कृषि उत्पादनलाई प्राथमिकता दिई कृषकलाई प्रोत्साहन गरौं,
- विषादीको सुरक्षित र सन्तुलित प्रयोग गरौं,
- स्थानीय जातका धानहरुको संरक्षण र प्रवर्द्धन गरौं,
- व्यवसायिक कृषि प्रणालीमार्फत कृषिमा आत्मनिर्भर बनौं।

*खाद्यान्नको उत्पादन, वितरण, पहुँच र दिगोपना सुनिश्चित गरौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

### झापामा बढ्दो लागूऔषध कारोबार चुनौती बन्दै

# सीमादेखि सहरसम्म कारोबारीको कनेक्सन

✍ विमल लामिछाने

**दमक/** झापामा लागूऔषध सेवन र अवैध कारोबारको जालो फैलिँदै गएको देखिएको छ। तीन दिनअघिमात्र जिल्ला प्रहरी कार्यालय झापाले सञ्चालन गरेको विशेष 'स्वीप अपरेसन'का क्रममा जिल्लाका विभिन्न स्थानबाट ९२ जनालाई नियन्त्रणमा लिएको थियो।

पक्राउ पर्नेमा ८३ जना सेवनकर्ता र नौ जना अवैध कारोबारमा संलग्न व्यक्ति रहेका थिए। कारबाहीका क्रममा ३८ ग्राम ९१० मिलिग्राम खैरो हेरोइनजस्तो पदार्थ र तीन ग्राम ९०० मिलिग्राम गाँजा बरामद भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार समग्र झापा जसमध्यपनि दमक, बिर्तामोड, भद्रपुर, मेचीनगर तथा शिवसताक्षी क्षेत्र पछिल्लो समय उच्च जोखिमयुक्त केन्द्रका रूपमा देखिएका छन्। विशेषगरी सीमावर्ती नाका हुँदै भारतबाट भित्रिने ब्राउन सुगर, ट्रामाडोल, स्पास्मो(प्रोक्सिभोन लगायतका पदार्थको अवैध ओसारपसारले समस्या थप जटिल बन्दै गएको छ।

झापाको भारतसँग जोडिएको १४४ किलोमिटर खुला सीमालाई लागूऔषध नियन्त्रणमा सबैभन्दा ठूलो चुनौतीका रूपमा हेरिएको छ। प्रहरी अनुसन्धानले भारतमा तुलनात्मक रूपमा सस्तो मूल्यमा उपलब्ध हुने पदार्थ नेपाल ल्याएर उच्च मूल्यमा बिक्री गर्ने प्रवृत्ति बढ्दो रहेको देखाएको छ। यसले सीमावर्ती जिल्लालाई तस्करहरूको सहज मार्ग बनाएको सुरक्षा निकायको निष्कर्ष छ।

'लागूऔषधको देशभरिकै ट्रान्जिट पोइन्ट बनेको झापाका कुनैपनि पालिका लागूऔषधको समस्याबाट अछुतो छैनन् प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले भने। उनका अनुसार झापामा लागूऔषधबाट सबैभन्दा बढी प्रभावित मेचीनगर, भद्रपुर, बिर्तामोड र दमक रहेका छन्।

उनले भने- 'अबको अभियानमा तीन वटा रणनीतिसहित बाँकी ४ पेजमा ▸▸

### "लागूऔषधविरुद्ध झापामा अभियान"



**दमक/** जिल्ला प्रहरी कार्यालय झापाले जिल्लामा भयावह बन्दै गएको लागूऔषधको समस्यालाई समाधान गर्न 'लागूऔषधविरुद्ध झापा अभियान' को उद्घाटन गरेको छ।

लागूऔषधको समस्या विकराल बनेपछि जिल्ला प्रहरी कार्यालय झापाले स्थानीय तहसँग सहकार्य गर्ने गरी शनिवार अभियानको उदघाटन गरेको हो।

विर्तामोडमा आयोजित अभियान उद्घाटन कार्यक्रम कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की र प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले संयूक्त रुपमा गरेका हुन्। अभियानको उद्घाटन गर्दै मुख्यमन्त्री बाँकी ४ पेजमा ▸▸

### चितवनमा रास्वपाको पहिलो महाधिवेशन सुरु

# 'पार्टीमा संस्थागत सुधारको अवसर

✍ खगेन्द्र कार्की



**दमक /** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आइतबार चितवनमा गर्न लागेको प्रथम राष्ट्रिय महाधिवेशनलाई लिएर देशभर राजनीतिक चासो चुलिएको छ। महाधिवेशनको तयारीसँगै सुरक्षा व्यवस्था कडा पारिएको छ भने संगठनात्मक संरचना, आर्थिक व्यवस्थापन र राजनीतिक सन्देशले यसलाई पार्टीको इतिहासमै सबैभन्दा ठूलो शक्ति प्रदर्शनका रूपमा हेरिएको छ।

जिल्ला सुरक्षा समितिका अनुसार महाधिवेशनस्थल भरतपुर र वरपरका क्षेत्रलाई उच्च सुरक्षा निगरानीमा राखिएको छ। प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको नेतृत्वमा नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र ट्राफिक प्रहरीको संयुक्त सुरक्षा योजना लागू गरिएको छ। पहिलो घेरामा नेपाल प्रहरी रहनेछ भने आवश्यक परे थप जनशक्ति प्रदेश र केन्द्रबाट समेत परिचालन गरिनेछ।

महाधिवेशनमा करिब ४ हजार २१० प्रतिनिधि सहभागी हुनेछन् भने उद्घाटन सत्रमा ४० हजारभन्दा बढी समर्थक र शुभेच्छुक आउने अनुमान गरिएको छ। बागमती प्रदेशबाट सबैभन्दा बढी ७९० प्रतिनिधि सहभागी हुनेछन् भने कोशी प्रदेशबाट ५२० प्रतिनिधि आउने छन्। बन्दसत्र उद्योग संघको प्रदर्शनी केन्द्रमा र उद्घाटन सत्र 'गेस्टहाउस चौर' मा हुने तय गरिएको छ।

ट्राफिक व्यवस्थापनलाई सुरक्षा योजनाको सबैभन्दा संवेदनशील पक्ष मानिएको छ। नारायणी पुल क्षेत्रलाई विशेष निगरानीमा राखिएको छ। पूर्वबाट आउने सवारीलाई साझा बसपार्क र पश्चिमबाट आउनेलाई वीरेन्द्र बहुमुखी क्याम्पस क्षेत्रमा पार्किङको व्यवस्था गरिएको छ। करिब १,०८७ प्रहरी परिचालन हुनेछन्, जसमा १६५ ट्राफिक प्रहरी सवारी व्यवस्थापनमा खटिनेछन्।

आर्थिक व्यवस्थापनमा पनि रास्वपाले फरक शैली अपनाएको दाबी गरेको छ। प्रवक्ता मनिष झाले उद्योगी(व्यापारीबाट चन्दा नलिइ पार्टीकै आन्तरिक स्रोतबाट महाधिवेशन सञ्चालन गरिएको बताएका छन्। सांसद, केन्द्रीय सदस्य र प्रतिनिधिबाट लेवी संकलन गरी करिब चार करोड रुपैयाँ खर्च व्यवस्थापन गरिएको दाबी गरिएको छ।

महाधिवेशनमा देशका प्रमुख दलका शीर्ष नेताहरू भने अनुपस्थित रहने भएका छन्। एमाले अध्यक्ष केपी शर्मा ओली, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल बाँकी ४ पेजमा ▸▸

## देशभर विभिन्न सडक अवरुद्ध

**दमक/** लगातारको वर्षासँगै आएको बाढी, पहिरो तथा सडक मर्मत कार्यका कारण देशका विभिन्न मुख्य राजमार्गहरू प्रभावित भएका छन्। सडक विभागका अनुसार सनिबार बिहानसम्म कोशी, बागमती र गण्डकी प्रदेशका विभिन्न सडक खण्डमा पूर्ण तथा आंशिक अवरोध देखिएको छ।

कोशी प्रदेशमा बाढीका कारण तीन जिल्लाका प्रमुख राजमार्ग प्रभावित भएका छन्। भोजपुर नगरपालिका(५ बोखिम र पाँचथरको याङ्वरक गाउँपालिका(२ दोभान क्षेत्रमा आएको बाढीले मध्यपहाडी लोकमार्गमा क्षति पुऱ्याएको छ। त्यस्तै इलाम नगरपालिका(९ राजदूवाली क्षेत्रमा बाढीका कारण मेची राजमार्ग अवरुद्ध भएको छ। यी तीनै स्थानमा हाल एकतर्फी रूपमा मात्र सवारी सञ्चालन भइरहेको सडक विभागले जनाएको छ।

बागमती प्रदेशमा बीपी राजमार्गअन्तर्गत खुर्कोट(नेपालथोक( कटुञ्जेबेंसी सडक खण्डमा सम्भावित बाढी जोखिमका कारण सवारी सञ्चालन पूर्ण रूपमा रोकिएको छ। यात्रु तथा सवारी चालकलाई वैकल्पिक मार्ग प्रयोग गर्न प्रशासनले आग्रह गरेको छ। यस्तै मकवानपुरको कुलेखानी(फाखेल(हुमाने(फर्पिङ हुँदै काठमाडौं जोड्ने सडक खण्ड मर्मत बाँकी ४ पेजमा ▸▸

## कोशी हुँदै नेपाल भित्रियो मनसुन

दमक/ यस वर्षको मनसुन अन्ततः नेपाल भित्रिएको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार शुक्रबार कोशी प्रदेशबाट मनसुन नेपाल प्रवेश गरेको हो। नेपालमा सरदर जुन १३ मा मनसुन भित्रिने गरे पनि यसपालि ६ दिन ढिलो गरी कोशी प्रदेशहुँदै मनसुनको आगमन भएको हो।

प्रशान्त महासागरमा विकसित एल निनो प्रणालीका कारण मनसुन भित्रिन ढिलाइ भएको मौसमविद्हरूले बताएका छन्। अघिल्लो वर्ष सरदरभन्दा १५ दिनअगावै मनसुन आएको भए पनि यस वर्ष औसतभन्दा कम वर्षा र बाँकी ४ पेजमा ▸▸

## प्रम पत्नी सविनाको अठोट....



**दमक/** प्रधानमन्त्री वालेन्द्र शाहकी पत्नी सविना काफ्लेले आफूलाई केवल प्रधानमन्त्रीकी पत्नीका रूपमा नभई आफ्नै पहिचान बोकेको स्वतन्त्र र सक्रिय नागरिकका रूपमा स्थापित गर्न चाहेको बताएकी छन्। सार्वजनिक स्वास्थ्य क्षेत्रकी विज्ञ तथा सामाजिक अभियन्ता सविनाले आफ्नो जीवन, परिवार र समाजप्रतिको दृष्टिकोणबारे खुलस्त धारणा राखेकी छन्।

मोरङको उर्लाबारीमा जन्मिएकी सविना बाल्यकालमै काठमाडौं सरेकी थिइन्। मध्यमवर्गीय परिवारमा हुर्किएकी उनले सेवाभाव र सामाजिक उत्तरदायित्वलाई बाल्यकालदेखि नै आत्मसात् गरेको बताएकी छन्। भीएस निकेतनमा अध्ययनका क्रममा बालेन शाहसँग चिनजान भएको र त्यो सम्बन्ध पछि प्रेम र विवाहमा परिणत भएको उनले स्मरण गरेकी छन्।

सविनाका अनुसार बालेन शाह सानैदेखि समाजमा केही परिवर्तन ल्याउने सोच राख्ने व्यक्ति हुन्। राजनीतिमा प्रवेश गरेपछि आएका प्रतिक्रिया र आलोचनाबीच पनि आफूहरू बाँकी ४ पेजमा ▸▸

## लाईफ लाईन अस्पताल प्रा.लि.
दमक-५, झापाको

### ओपीडी सेवाहरू :

दैनिक बिहान ८ बजेदेखि बेलुकी ७ बजेम्म

| | | |
|---|---|---|
| १. | डा. मनोज कुमार शाह | : बरिष्ठ हाडजोर्नी तथा नशा रोग बिशेषज्ञ |
| २. | डा. सिता राई | : बरिष्ठ प्रसुति तथा महिला रोग विशेषज्ञ |
| ३. | डा. निरज शाह | : बरिष्ठ फिजिसियन |
| ४. | डा. साजन ठाकुर | : बरिष्ठ बालरोग बिशेषज्ञ |
| ५. | डा. मन्जुल शाक्य | : बरिष्ठ ल्याप्रोस्कोपीक सर्जन |
| ६. | डा. एकता घिताल | : बरिष्ठ प्याथोलोजिस्ट |
| ७. | डा. सोफिया थुलुङ्ग | : बरिष्ठ अर्थोडन्टिस (दन्तरोग विशेषज्ञ) |
| ८. | डा. तिलकचन्द्र शाह | : बरिष्ठ रेडियोलोजिस्ट |
| ९. | डा. चन्द्रमोहन शाह | : ल्याप्रोस्कोपीक सर्जन |
| १०. | डा. बिबेक लामिछाने | : फिजिसियन |
| ११. | डा. शिर्षकदिप श्रेष्ठ | : मनोरोग बिशेषज्ञ |
| १२. | डा. मिलन भुषाल | : नाक, कान घाटी रोग बिशेषज्ञ |

सम्पर्क : ९८०१४१४२८६, ९८०१४१४२८३

## राप्रपाको महाधिवशेन मंसिर २६ देखि हुने

**दमक/** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले आगामी मंसिर २६ देखि २८ गतेसम्म काठमाडौंमा केन्द्रीय महाधिवेशन आयोजना गर्ने निर्णय गरेको छ। अध्यक्ष राजेन्द्र लिङ्देनको अध्यक्षतामा असार ५ र ६ गते काठमाडौंमा बसेको केन्द्रीय कार्यसमितिको बैठकले यस्तो निर्णय गरेको हो। बैठकले सरकारको प्रारम्भिक कार्य सम्पादनमाथि प्रश्न उठाउँदै सुशासन, पारदर्शिता र जवाफदेहिताका विषयमा अपेक्षाअनुसार सुधार नदेखिएको जनाएको छ।

राप्रपाले परराष्ट्र नीतिमा स्पष्ट दृष्टिकोणको अभाव रहेको र छिमेकी मुलुकसँग अविश्वासको वातावरण बढ्न सक्ने चेतावनी दिएको छ। पार्टीले आर्थिक वर्ष २०८३/८४ को बजेटमा शिक्षा, स्वास्थ्य र विद्युतजस्ता आधारभूत क्षेत्रमा लगाइएका कर फिर्ता लिन माग गरेको छ।

### सरकारी सम्पत्तिको अवस्थाबारे छानबिन माग

# कोशी मुख्यमन्त्री कार्यालयमा उजुरी दर्ता

**विराटनगर /** कोशी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरकारी सम्पत्तिको संरक्षण र कर्मचारी संयन्त्रको जवाफदेहितामाथि गम्भीर प्रश्न उठाउने प्रकृतिको उजुरी दर्ता भएको छ। कार्यालयको गुनासो व्यवस्थापन प्रणाली (हेलो सीएम) मा 'अति जरूरी' भनेर दर्ता गरिएको उजुरीमा २०८२ साल भदौ २४ गते जेनजी आन्दोलनका क्रममा नष्ट भएको भनिएका सरकारी सामग्रीको वास्तविक अवस्थाबारे निष्पक्ष छानबिन गर्न माग गरिएको छ।

उजुरीमा विशेष गरी आन्दोलनका क्रममा जलेर नष्ट भएको भनिएका ३० थान ल्यापटप र १४ थान मोबाइल फोनको विषय उठाइएको छ। ती सामग्री वास्तवमै आगजनीबाट नष्ट भएका हुन् वा कर्मचारीहरूको मिलेमतोमा व्यक्तिगत प्रयोगका लागि लगिएका हुन् भन्ने विषयमा गम्भीर शंका व्यक्त गरिएको छ। उजुरीकर्ताले कागजी प्रक्रियामार्फत सरकारी जिन्सी सामानलाई नष्ट देखाएर व्यक्तिगत प्रयोगमा लैजाने सम्भावित अभ्यासमाथि अनुसन्धान हुनुपर्ने माग गरेका छन्।

जेनजी आन्दोलनका क्रममा विराटनगरस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित विभिन्न मन्त्रालय र सरकारी निकायमा आगजनी तथा तोडफोड भएको थियो। सो घटनालाई आधार बनाएर भएको क्षतिको विवरण पारदर्शी रूपमा सार्वजनिक गर्न, आवश्यक परे भौतिक परीक्षण गर्न तथा जिम्मेवार व्यक्तिहरु पहिचान गरी कारबाही अघि बढाउन उजुरीमा माग गरिएको छ। मुख्यमन्त्री कार्यालयका अनुसार उजुरी असार ३ गते दर्ता भई हाल हेलो सीएम कक्षमार्फत अनुगमन भइरहेको छ।

उजुरीमा केवल जिन्सी व्यवस्थापन मात्र नभई प्रदेश कर्मचारीतन्त्रभित्र आर्थिक अनुशासन कमजोर हुँदै गएको, अनियमितता र अतिरिक्त सुविधा वितरणमा असमानता रहेको आरोपसमेत लगाइएको छ। संघीय तलब(भत्ता, महँगी भत्ता, सञ्चय कोष, बीमा र पेन्सनसँगै प्रदेश तहबाट थप सुविधा उपलब्ध गराइएको दाबी गरिएको छ।

यसका साथै कर्मचारीलाई आवास, इन्टरनेट, बिजुली, पानी, सरसफाइ, दैनिक खाजा र पोसाक भत्ता जस्ता सुविधा दिइएको उल्लेख गर्दै उजुरीकर्ताले सार्वजनिक स्रोतको अत्यधिक दुरूपयोग भइरहेको आरोप लगाएका छन्। सरकारी खरिद प्रक्रिया, जिन्सी व्यवस्थापन, ठेक्का र बोलपत्र प्रणालीमा कमिसनको अभ्यास हुन सक्ने भन्दै पारदर्शिता सुनिश्चित गर्न माग गरिएको छ।

उजुरीकर्ताले बेरूजु फर्स्यौट, पुराना सामानको व्यवस्थापन र सार्वजनिक खर्चमा नियन्त्रणका लागि कडा अनुगमन आवश्यक रहेको उल्लेख गरेका छन्। उजुरीले प्रदेश प्रशासनको आर्थिक अनुशासन र जवाफदेहितामाथि पुनः प्रश्न उठाएको छ।

## योग स्वस्थ जीवनको आधार

- तनाव व्यवस्थापनका लागि नियमित योग गरौं,
- योग अभ्यास गरी स्वस्थ जीवनशैली अपनाऔं,
- शारीरिक तथा मानसिक स्वास्थ्य सन्तुलन कायम राखौं,
- दैनिक जीवनमा सकारात्मक सोच र अनुशासन विकास गरौं,
- स्वस्थ खानपान र नियमित व्यायामलाई प्राथमिकता दिऔं,
- योगमार्फत रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गरौं,
- सबै उमेर समूहलाई योग अभ्यासमा सहभागी बनाऔं,
- स्वस्थ समाज निर्माणका लागि योग संस्कृतिको प्रवर्द्धन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादक/प्रकाशक : गञ्जबहादुर दाहाल
ले-आउट : सुरेन बस्नेत
मुद्रक : अमरज्योति अफसेट, प्रेस, दमक-५
कार्यालय : दमक-५ फोन:५७०२७२

# सम्पादकीय....

## कृषिमा दुरूपयोग रोक्न आवश्यक

कृषि तथा पशुपन्छी क्षेत्र देशको अर्थतन्त्रको मेरुदण्ड हो । कृषिप्रधान मुलुकमा उत्पादन वृद्धि गर्न र परम्परागत खेती प्रणालीलाई व्यावसायिकतातर्फ रुपान्तरण गर्न सरकारले बर्सेनी अर्बौं रूपैयाँ अनुदानका रुपमा प्रवाह गर्दै आएको छ । तर, विगत एक दशकको अभ्यासलाई हेर्ने हो भने यो अनुदान वास्तविक र सीमान्तकृत किसानको हातमा पर्नुको साटो 'कागजी किसान' र पहुँचवालाको खल्तीमा पुगेको गुनासो नयाँ होइन । विगतका वर्षहरुमा सरकारी अनुदान टाठाबाठा, राजनीतिक पहुँच भएका व्यक्ति र झोले गैरसरकारी संस्थाहरुले मात्रै हत्याउने गरेको आरोप चौतर्फी रुपमा लाग्दै आएको छ । वास्तविक माटोमा पसिना बगाउने किसानहरु सधैं मल, बीउ, र सिँचाइको अभावमा छट्पटाइरहँदा, अनुदानकै रकममा रजाइँ गर्ने एउटा नयाँ बिचौलिया बढ्दै गएका छन् । अनुगमन संयन्त्रको कमजोरी र प्रशासनिक उदासीनताका कारण राज्यको ढुकुटीबाट बालुवामा पानी हालेझैं भएको लगानीको अब मिहिन लेखाजोखा हुनैपर्छ ।

कार्यदललाई पुराना प्रतिवेदनहरुको पुनरावलोकन गर्ने, अनुदान दुरूपयोग भएको भुक्तानी पहिचान गर्ने र राम्रा अभ्यासहरुको 'ग्याप एनालाइसिस' (अन्तर विश्लेषण) गरी सुधारका उपाय सिफारिस गर्ने कार्यादेश (टीओआर) दिइएको छ । ६ महिनाको समयसीमा तोकिएको यस कार्यदलले कम्तीमा महिनाको दुई पटक सचिवसमक्ष प्रगति विवरण बुझाउनुपर्ने व्यवस्थाले यस कामलाई औपचारिकतामा मात्रै सीमित हुन नदिने आशा जगाएको छ । तर, नेपालमा छानबिन समिति वा कार्यदल गठन हुनु र तिनका प्रतिवेदनहरु दराजको कुनामा थन्किनु कुनै नौलो विषय होइन । यो कार्यदल पनि केवल प्रचारबाजी वा राजनीतिक स्टन्ट मात्रै बन्नु हुँदैन ।

अबको आवश्यकता भनेको कार्यदलले कुनै पनि प्रभाव वा दबाबमा नपरी निष्पक्ष ढंगले विगत १० वर्षको वित्तीय र स्थलगत अडिट गर्नु हो । जसले गर्दा वास्तविक किसानले किन अनुदान पाएनन् र राज्यको स्रोत कहाँ चुहियो भन्ने स्पष्ट तस्बिर बाहिर आओस् । दोषी ठहरिएकाहरुलाई कानुनी कठघरामा उभ्याइने र राम्रा प्रणालीलाई थप परिष्कृत गरिने सुनिश्चितता सरकारले दिनुपर्छ । कृषिको आधुनिकीकरण र आत्मनिर्भर अर्थतन्त्रको नारा तब मात्रै सार्थक हुनेछ । कागजी किसानलाई कारवाही गरेर असली किसानलाई प्रोत्साहन गर्नु अहिलेको आवश्यकता हो ।

## गाईलाई यातना दिएर टिकटक बनाउने पक्राउ

उर्लाबारी/ सामाजिक सञ्जाल टिकटकमा गाईको बाछीलाई सिटी सफारीको पछाडि बाँधेर दौडाउँदै यातना दिएको भिडियो सार्वजनिक भएपछि प्रहरीले उक्त सिटी सफारी र त्यसका चालकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा मोरङको विराटनगर महानगरपालिका वडा नम्बर १८ बस्ने नारायण कामत रहेका छन् । प्रहरीले उनले चलाएको प्र. १(०२(००४ ह ४२११ नम्बरको सिटी सफारी समेत बरामद गरेको छ । गाईलाई अमानवीय तवरले यातना दिँदै गुडाएको भिडियो सामाजिक सञ्जालमा भाइरल भएपछि प्रहरीले तत्कालै सक्रियता देखाएर चालक कामतलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ । पक्राउ परेका चालकलाई आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय मोरङमा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## बच्चाको झुठ बोल्ने बानी कसरी हटाउने ?

आमाबुबाको सबैभन्दा ठुलो जिम्मेवारी हुन्छ सानो बच्चालाई राम्रा कुरा सिकाउने । यसले बच्चा ठुलो भएर एउटा राम्रो र असल मानिस बन्छ । तर, कहिलेकाहीं आमाबुवा धेरै कडा हुँदा वा डरको कारण बच्चाले झुट बोल्ने वा कुरा लुकाउन थाल्छन् । तपाईंको बच्चाले पनि यस्तै गर्छ भने यस्तो बानी हटाउन केही टिप्स अपनाउन सकिन्छ । तपाईंको बच्चा धेरै नै झुठ बोल्छ भने उसको अगाडि आमाबुवा पनि कुनै प्रकारको झुठ बोल्नु हुँदैन । यसले बच्चामा नराम्रो असर पर्दछ । कयौंपटक बच्चाले यसकारणले पनि साँचो कुरा बोल्दैनन् किनकि हरेक कुरामा उनीहरुलाई गलत ठहऱ्याइन्छ । त्यसैले, बच्चाको झुठ बोल्ने बानी सुधार्न चाहनुहुन्छ भने हरेक कुरामा बच्चाको गल्ती निकाल्न बन्द गर्नुहोस् ।

साना बच्चाले जे देख्यो त्यो एकदमै छिटो सिक्छन् । यस्तोमा उनीहरुको अगाडि प्रेमपूर्वक कुरा गर्नुपर्दछ । उनीहरुलाई झुठो कुरा गरेर भुलाउने पनि गर्नु हुँदैन । तपाईंले बच्चालाई प्रेमपूर्वक व्यवहार गर्नुभयो भने उसले सबै कुरा भन्न डराउँदैन । जसले गर्दा उसको झुठ बोल्ने बानी कम हुँदै जान्छ । बच्चाको सानोसानो कुरालाई बेवास्ता गर्नु हुँदैन । किनकि उनीहरुले तपाईंलाई नै आ"नो हिरो मानिरहेका हुन्छन्, जसले गर्दा हरेक प्रश्नको जवाफ तपाईंबाट चाहन्छन् । यदि बच्चाले कुनै झुठ बोलिरहेको छ भने के कारणले त्यस्तो बोलिरहेको छ भन्ने जान्न कोसिस गर्नुहोस् । त्यस्तो बेलामा उसलाई साँचो बोलेपछि आफूले पनि राम्रो व्यवहार गर्नेबारे बताउनुहोस् । यदि बच्चाले कुनै गल्ती गरेर लुकाउने प्रयास गरेको छ भने उसलाई राम्रोसँग फकाउनुहोस् । गल्ती सबैबाट हुने तर, यसलाई लुकाउनु गलत कुरा भएको बताउनुहोस् । अबदेखि गल्ती नगर्ने कोसिस गर्नेछु भनेर उसलाई सिकाउनुहोस् ।

# धर्म के हो ? धर्मनिरपेक्षता के हो ?



✍ बबिता बस्नेत

**धर्मनिरपेक्षताको आधुनिक अवधारणा भने युरोपको राजनीतिक र सामाजिक इतिहाससँग जोडिएको छ । मध्ययुगीन युरोपमा चर्च र राज्यबीच शक्ति संघर्ष थियो । विज्ञानको विकास, पुनर्जागरण र मानव स्वतन्त्रताको अवधारणाले राज्यलाई धार्मिक नियन्त्रणबाट मुक्त गर्नुपर्ने विचार जन्मायो । यही क्रममा बेलायती चिन्तक जर्ज जेकब होलियोकले सन् १८५० तिर 'सेकुलरिज्म' अर्थात् धर्मनिरपेक्षताको अवधारणा अघि सारे । उनको विचारमा राज्यले कुनै धर्मको पक्ष वा विपक्षमा उभिनु हुँदैन, बरू सबै धर्मप्रति समान व्यवहार गर्नुपर्छ ।**

नेपालमा धर्म र धर्मनिरपेक्षताबारे बहस चलिरहेको धेरै वर्ष भइसक्यो । संविधानले नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषणा गरेको दुई दशक पुग्न लाग्दा पनि "धर्म के हो ?" र "धर्मनिरपेक्षता के हो ?" भन्ने विषयमा स्पष्ट र गहिरो बहस भने अझै हुन सकेको छैन । राजनीतिक दल, बौद्धिक वर्ग र सर्वसाधारणले आ-आफ्नो बुझाइका आधारमा यी शब्दको प्रयोग गरिरहेका छन्, तर शब्दको वास्तविक अर्थ, ऐतिहासिक पृष्ठभूमि र दार्शनिक गहिराइबारे पर्याप्त चर्चा भएको देखिँदैन ।

मानव सभ्यताको प्रारम्भिक कालमा अहिलेजस्तो लिखित कानुन र विकसित राज्य प्रणाली थिएन । त्यतिबेला समाजलाई सञ्चालन गर्ने प्रमुख आधार धर्म नै थियो । धर्मलाई न्याय, कर्तव्य, नैतिकता र सदाचारसँग जोडेर हेरिन्थ्यो । हिंसा अधर्म थियो, दया धर्म थियो । अरूलाई दुःख दिनु पाप थियो भने सहयोग गर्नु पुण्य मानिन्थ्यो । त्यसैले धर्मको अर्थ केवल पूजा-पाठ वा कुनै विशेष आस्थासँग सम्बन्धित थिएन, बरू मानिसलाई सही आचरणतर्फ डोऱ्याउने जीवनपद्धति थियो ।

संस्कृत भाषामा 'धर्म' भनिने शब्दलाई पाली भाषामा 'धम्म' भनिन्छ । धर्मको अर्थ आफ्नो कर्तव्य पूरा गर्नु, नियमभित्र बस्नु, न्यायपूर्ण व्यवहार गर्नु र समाजप्रति उत्तरदायी हुनु हो । 'स्वधर्म' शब्दको अर्थ पनि यही हो– आफूले निर्वाह गर्नुपर्ने कर्तव्य । यही कारणले आगोको धर्म बल्नु हो, पानीको धर्म तिर्खा मेटाउनु हो, शिक्षकको धर्म शिक्षा दिनु हो, चिकित्सकको धर्म उपचार गर्नु हो र पत्रकारको धर्म सत्य सूचना दिनु हो भन्ने गरिन्छ । धर्मको यो व्यापक अर्थलाई बिर्सेर केवल धार्मिक कर्मकाण्डमा सीमित गरिनु यसको वास्तविक स्वरूपलाई साँघुरो बनाउनु हो ।

मनुस्मृतिमा धर्मका दस लक्षणको वर्णन गरिएको छ– धैर्य, क्षमा, संयम, चोरी नगर्नु, स्वच्छता, इन्द्रिय नियन्त्रण, बुद्धि, विद्या, सत्य र अक्रोध । यी गुणहरु कुनै एक धर्मावलम्बीका लागि मात्र होइनन्, सम्पूर्ण मानव समाजका लागि आवश्यक मानवीय मूल्य हुन् । यस अर्थमा धर्म भनेको नैतिकता र उत्तरदायित्वको आधार हो ।

नेपालको संविधानको धारा ४ मा नेपाललाई धर्मनिरपेक्ष राष्ट्र भनिएको छ । संविधानको व्याख्यामा धर्मनिरपेक्ष भन्नाले सनातनदेखि चलिआएको धर्म-संस्कृतिको संरक्षणसहित धार्मिक तथा सांस्कृतिक स्वतन्त्रता जनाउने उल्लेख छ । तर यही शब्दलाई लिएर लामो समयदेखि बहस चलिरहेको छ । किनभने 'धर्मनिरपेक्ष' शब्द धर्म र निरपेक्ष मिलेर बनेको छ । 'निरपेक्ष' भन्नाले चासो नराख्ने, तटस्थ रहने वा अलग रहने अर्थ लाग्छ । यस आधारमा हेर्दा धर्मजस्तो नैतिक र सामाजिक अवधारणाप्रति निरपेक्ष कसरी हुन सकिन्छ भन्ने प्रश्न उठ्ने गरेको छ ।

भारतले यही विषयमा फरक बाटो अपनाएको देखिन्छ । भारतीय संविधानमा अंग्रेजी शब्द 'सेकुलर' लाई हिन्दीमा 'धर्मनिरपेक्ष' नभनी 'पन्थनिरपेक्ष' भनिएको छ । त्यहाँका विद्वान्हरूले धर्म र पन्थ फरक कुरा हुन् भन्ने निष्कर्ष निकालेका थिए । धर्मलाई जीवनदर्शन र नैतिक आधारका रूपमा बुझिएको छ भने पन्थलाई पूजा-पद्धति र धार्मिक सम्प्रदायका रूपमा व्याख्या गरिएको छ ।

धर्म र पन्थबीचको यही भिन्नता बुझ्न आवश्यक छ । इस्लाम, इसाई लगायतका धार्मिक परम्परामा निश्चित ईश्वर, निश्चित धर्मग्रन्थ, निश्चित पूजा-पद्धति र निश्चित आध्यात्मिक गन्तव्य हुन्छ । इस्लाममा कुरान, पैगम्बर मोहम्मद र नमाजको व्यवस्था छ । इसाई धर्ममा बाइबल, येशु खीष्ट र प्रार्थनाको निश्चित स्वरूप छ । तर हिन्दू परम्परामा एउटै ईश्वर, एउटै ग्रन्थ वा एउटै पूजा-विधि छैन । कसैले शिवको पूजा गर्छ, कसैले विष्णुको, कसैले शक्तिको उपासना गर्छ । कसैले ध्यान गर्छ, कसैले योग गर्छ, कसैले कुनै पूजा नगरी पनि आफूलाई हिन्दू मान्छ । यही कारण धेरै विद्वान्हरूले हिन्दू धर्मलाई धर्मभन्दा पनि जीवनपद्धति र सभ्यताको रूपमा व्याख्या गर्ने गरेका छन् ।

धर्मनिरपेक्षताको आधुनिक अवधारणा भने युरोपको राजनीतिक र सामाजिक इतिहाससँग जोडिएको छ । मध्ययुगीन युरोपमा चर्च र राज्यबीच शक्ति संघर्ष थियो । विज्ञानको विकास, पुनर्जागरण र मानव स्वतन्त्रताको अवधारणाले राज्यलाई धार्मिक नियन्त्रणबाट मुक्त गर्नुपर्ने विचार जन्मायो । यही क्रममा बेलायती चिन्तक जर्ज जेकब होलियोकले सन् १८५० तिर 'सेकुलरिज्म' अर्थात् धर्मनिरपेक्षताको अवधारणा अघि सारे । उनको विचारमा राज्यले कुनै धर्मको पक्ष वा विपक्षमा उभिनु हुँदैन, बरू सबै धर्मप्रति समान व्यवहार गर्नुपर्छ ।

आज विश्वमा धर्मसँग सम्बन्धित विभिन्न प्रकारका राज्य प्रणाली देखिन्छन् । केही राष्ट्र धार्मिक राज्य छन् जहाँ धर्मग्रन्थ नै संविधानसरह मानिन्छ । भ्याटिकन यसको उदाहरण हो । केही राष्ट्र धर्मप्रभावित छन् जहाँ राज्य धर्मनिरपेक्ष भए पनि धार्मिक परम्पराको प्रभाव स्पष्ट देखिन्छ । बेलायत र अमेरिका यसका उदाहरण हुन् । बेलायतको राजसंस्था चर्चसँग जोडिएको छ भने अमेरिकाको मुद्रामै "In God We Trust" लेखिएको छ । केही राष्ट्र पूर्ण धर्मनिरपेक्ष छन् जहाँ राज्यले सबै धर्मलाई समान व्यवहार गर्छ । अर्कोतर्फ पूर्व सोभियत संघ, उत्तर कोरिया वा पोलपोटकालीन कम्बोडियाजस्ता उदाहरण धर्मविरोधी राज्यका रूपमा प्रस्तुत गरिन्छन् ।

नेपालको अवस्था भने केही फरक छ । २०६३ सालको अन्तरिम संविधानमार्फत नेपाल हिन्दूराष्ट्रबाट धर्मनिरपेक्ष राष्ट्रमा रूपान्तरित भयो । रोचक कुरा के छ भने यो परिवर्तनबारे व्यापक जनबहस भएको थिएन । कतिपय राजनीतिक नेताहरूले समेत धर्मनिरपेक्षता कसरी संविधानमा समावेश भयो भन्ने विषयमा पछि प्रश्न उठाएका थिए । आज पनि धर्मनिरपेक्षता नेपालको जनचाहना थियो कि राजनीतिक निर्णय मात्र भन्ने विषयमा मतभेद कायम छ ।

यद्यपि नेपाल धर्मनिरपेक्ष राष्ट्र भए पनि यसको सामाजिक र सांस्कृतिक चरित्र हिन्दू सभ्यता र परम्पराबाट गहिरो रूपमा प्रभावित छ । दशैं, तिहार, छठ, इन्द्रजात्रा, कुमारी दर्शन, भोटो जात्रा, गाईलाई राष्ट्रिय जनावर मान्ने परम्परा, राष्ट्रप्रमुखको धार्मिक कार्यक्रममा सहभागिता जस्ता अभ्यासहरु अझै कायम छन् । यसले नेपाल धर्मनिरपेक्ष भए पनि सांस्कृतिक रूपमा हिन्दू परम्परासँग जोडिएको राष्ट्र रहेको संकेत गर्छ ।

धर्म मानिसको व्यक्तिगत आस्था मात्र होइन, सामाजिक र सांस्कृतिक पहिचान पनि हो । इतिहासले देखाएको छ कि कुनै पनि राज्यले बलपूर्वक धार्मिक आस्था समाप्त गर्न सकेको छैन । चीनको सांस्कृतिक क्रान्ति, सोभियत संघको नास्तिक अभियान वा नेपालमा द्वन्द्वकालमा भएका धार्मिक संरचनामाथिका आक्रमणले पनि मानिसको आस्था समाप्त गर्न सकेनन् । मन्दिर भत्काउन सकिन्छ, तर मानिसको मनभित्रको विश्वास हटाउन सकिँदैन ।

त्यसैले धर्म र धर्मनिरपेक्षताको विषयलाई केवल राजनीतिक चश्माबाट हेर्नु पर्याप्त हुँदैन । धर्मको अर्थ केवल पूजा-पाठ होइन, नैतिकता, कर्तव्य र न्याय पनि हो । धर्मनिरपेक्षताको अर्थ धर्मविरोध होइन, राज्यले सबै धर्मप्रति समान व्यवहार गर्नु हो । तर नेपालमा प्रयोग गरिएको 'धर्मनिरपेक्ष' शब्दको अर्थ, मर्म र व्यवहारिक प्रयोगबारे अझै पनि व्यापक छलफल आवश्यक देखिन्छ ।

विश्वका धेरै राष्ट्रहरूले आफ्नो इतिहास, संस्कृति र सामाजिक संरचनाअनुसार धर्म र राज्यबीचको सम्बन्ध निर्धारण गरेका छन् । नेपालले पनि आफ्नो सभ्यता, संस्कृति, धार्मिक विविधता र सामाजिक यथार्थलाई आधार बनाएर धर्मनिरपेक्षताको अभ्यासलाई थप स्पष्ट बनाउनुपर्ने आवश्यकता छ । धर्म र धर्मनिरपेक्षताको विषय भावनाले होइन, अध्ययन, बहस र विवेकपूर्ण विश्लेषणले मात्र सही रूपमा बुझ्न सकिन्छ । त्यसैले यो विषयमा खुला, तथ्यपरक र गम्भीर राष्ट्रिय बहस आज पनि उत्तिकै आवश्यक छ ।

### आज अन्तर्राष्ट्रिय योग दिवस

## 'एक पृथ्वी, एक स्वास्थ्यका लागि योग' नारासहित मनाइँदै

दमक । "एक पृथ्वी, एक स्वास्थ्यका लागि योग" (One Earth, One Health for Yoga) भन्ने मूल नारासहित २१ जुन २०२६ अर्थात् आज विश्वभर ११औं अन्तर्राष्ट्रिय योग दिवस विभिन्न कार्यक्रमका साथ मनाइँदै छ । नेपालमा पनि सरकारी निकाय, योग तथा प्राकृतिक चिकित्सा संस्थाहरु, शैक्षिक संस्थान र विभिन्न सामाजिक संघसंस्थाले योगाभ्यास, ध्यान, स्वास्थ्य सचेतना र अन्तरक्रिया कार्यक्रम आयोजना गरेका छन् ।

संयुक्त राष्ट्र सङ्घको महासभाले सन् २०१४ मा गरेको निर्णयअनुसार सन् २०१५ देखि प्रत्येक वर्ष जुन २१ का दिन अन्तर्राष्ट्रिय योग दिवस मनाउन थालिएको हो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त राष्ट्र सङ्घको ६९औं महासभामा योगलाई मानव स्वास्थ्य, मानसिक शान्ति र विश्व कल्याणसँग जोड्दै अन्तर्राष्ट्रिय दिवस घोषणा गर्न प्रस्ताव गरेका थिए । उक्त प्रस्तावलाई नेपालका तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले समर्थन गरेका थिए । त्यसपछि संयुक्त राष्ट्र सङ्घका १७७ सदस्य राष्ट्रले समर्थन जनाउँदै योग दिवसलाई औपचारिक मान्यता दिएका थिए, जुन संयुक्त राष्ट्र सङ्घका दिवसहरूमध्ये सबैभन्दा धेरै राष्ट्रको समर्थन प्राप्त गर्ने दिवसमध्ये एक मानिन्छ ।

नेपालमा योगको अभ्यास प्राचीनकालदेखि हुँदै आएको इतिहास छ । वैदिक कालमा हिमालय क्षेत्रलाई योग, ध्यान र आध्यात्मिक साधनाको केन्द्र मानिन्थ्यो । योगमार्फत शारीरिक स्वास्थ्य, मानसिक स्थिरता र आध्यात्मिक उन्नति हासिल गर्ने परम्परा नेपाली समाजमा लामो समयदेखि रहँदै आएको छ । नेपाल सरकारले २०७२ सालमा माघ १ गतेलाई राष्ट्रिय योग दिवस घोषणा गरेपछि देशमा राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै योग दिवस मनाउने परम्परा स्थापित भएको छ ।




विशेषज्ञहरूका अनुसार नियमित योगाभ्यासले शरीरलाई तन्दुरूस्त राख्नुका साथै तनाव, चिन्ता र मानसिक दबाब कम गर्न मद्दत गर्छ । योगले रोग प्रतिरोधात्मक क्षमता बढाउने, सकारात्मक सोच विकास गर्ने र स्वस्थ जीवनशैली अपनाउन प्रेरित गर्ने विश्वास गरिन्छ ।

यस वर्षको "एक पृथ्वी, एक स्वास्थ्यका लागि योग" भन्ने नाराले व्यक्तिगत स्वास्थ्य र वातावरणीय सन्तुलनबीचको सम्बन्धलाई उजागर गरेको छ । मानव स्वास्थ्य, प्रकृति संरक्षण र दिगो जीवनशैलीलाई एकअर्कासँग जोडेर हेर्नुपर्ने सन्देश दिन यस वर्षको योग दिवस केन्द्रित छ । विश्वव्यापी रूपमा बढ्दो तनाव, अस्वस्थ जीवनशैली र वातावरणीय चुनौतीका बीच योगलाई स्वस्थ, सन्तुलित र शान्तिपूर्ण जीवनको आधारका रूपमा प्रवर्द्धन गर्ने उद्देश्यका साथ आज विभिन्न कार्यक्रम सञ्चालन भइरहेका छन् ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।

Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

खड्ग बहादुर खड्काको
कविता संग्रह
ज्वाला
विभिन्न पुस्तक पसलमा उपलब्ध छ ।
किनेर पढ्न चाहनेले नजिकको पुस्तक पसलमा सम्पर्क गर्नहुन अनुरोध छ ।


सम्पर्क नम्बर : ९८४४६८०४९९

ठूलो ट्याङ्कीमा
कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

# मेची राजमार्गमा पहिरो बग्दा यात्रुलाई सास्ती



इलाम/ असोज १८ को बाढीले माई खोलाको बेलासेस्थित पक्की पुलको आधा भाग भासिएको थियो भने पुवा खोला र जोगमाई खोलाको बेलिब्रिज बगाएको थियो । मेची राजमार्गको राजदुवालीमाथिको सडकमा भने पहिरो गएर १२ दिनसम्म यातायात अवरूद्ध भएको थियोरू। अहिले पनि यो स्थानमा सवारी पार गराउन धेरै मुस्किल रहेको पूर्वेली जिप तथा ट्याक्सी व्यवसायी संघ इलामका अध्यक्ष गृष्म सुब्बाले बताए ।

उनले भने- 'वैकल्पिक सडकमा बेलैमा काम भएको भए यति दुःख हुने थिएनरू। अब अरु बेलिब्रिजको पनि काम होला जस्तो छैनरू। यस पटक मेचीका पहाडी क्षेत्रका बासिन्दाले धेरै सास्ती खेप्नुपर्ने छ ।'

हुनपनि हो, मनसुन सुरू नहुँदै मेची राजमार्ग अन्तर्गत इलामको माइखोलामाथि राजदुवाली–भन्ज्याङ सडकखण्ड सवारी पार गर्न समस्या भएको छ । बिहीबारदेखि निरन्तर वर्षा हुन थालेपछि उक्त खण्डमा सडक बग्ने र हिलोका कारण सवारी साधनलाई सञ्चालनमा समस्या भएको होरू। बिहीबार राति माई खोलामा आएको बाढीले सो स्थानमा मर्मतका सामग्री बगाएको छ । बाढीले तारजाली, पाइपलगायत केही मेसिनसमेत बगाएको सडक डिभिजन कार्यालयले जनाएको छ । यहाँ खोलाबाटै वाल उठाएर सडक मर्मतको काम हुँदै थियोरू। खोलाबाटै पर्खाल उठाएर बाटो बनाउनुपर्ने भएकाले मर्मतका सामग्री खोलाकै सतहमा थिए । सडक डिभिजन प्रमुख पवन भट्टराईले भने ।

यस्तै इलाम-झापा केचनाञ्चनजंघा द्रुतमार्गको बेलासे माई खोलामा निर्माणाधीन बेलिब्रिज पनि बाढीले क्षति गरेको छरू। बेलासेमा बनाइएको डाइभर्सन पनि बाढीले बगाएपछि यो सडक पूर्ण रुपमा यातायात अवरोध भएको छ । अर्को वैकल्पिक मार्गका रुपमा रहेको सिमल गोलाई तिल्केनी सडकपर्ने जोगमाई खोलामा आएको बाढीले त्यहाँको डाइभर्सनसमेत बगाएको प्रहरीले जनाएको छ ।

## मनोरञ्जन

# विशिष्ट कलाकारमा शाह र उत्कृष्ट अभिनेत्रीमा मगर

विशिष्ट कलाकार नीर शाह उत्कृष्ट अभिनेता घोषित भएका छन् । शुक्रबार राष्ट्रपति कार्यालय शीतल निवासमा आयोजित 'राष्ट्रिय चलचित्र पुरस्कार तथा सम्मान समारोह २०८३' मा शाहले फिल्म 'परान' अभिनयबाट उक्त पुरस्कार प्राप्त गरेका हुन् ।

सोही कार्यक्रममा उत्कृष्ट अभिनेत्रीको अवार्ड मिरुना मगरले जित्न सफल भइन् । फिल्म 'उनको स्वीटर' अभिनयका कारण उनले यो अवार्ड प्राप्त गरेकी हुन् । पुरस्कारमा फिल्म 'उनको स्वीटर' ले उत्कृष्ट फिल्मसहित तीन मुख्य विधामा वर्चस्व जमाउन सफल भएको छ । यसै फिल्मका निर्देशक नवीन चौहानले उत्कृष्ट निर्देशकको अवार्ड समेत प्राप्त गरे ।

'परान' फिल्मबाट दीपकप्रसाद आचार्य र यम थापाले उत्कृष्ट लेखकको विधामा बाजी मारे । प्राविधिक विधामा 'कोशेढुंगा' ले आफ्नो प्रभाव जमायो । उक्त फिल्मका लागि बाबु श्रेष्ठले उत्कृष्ट छायाङ्कन र नहकुल खड्काले उत्कृष्ट सम्पादनको अवार्ड प्राप्त गरेका थिए । उत्कृष्ट आदिवासी फिल्मको अवार्ड नेपाल भाषाको 'इन्दिरा धिमे मैचा' ले जितेको छ ।

विशेष विधा अन्तर्गत 'रमिताको पिरती' का लागि आना शर्मा र 'झरी पछिको इन्द्रेणी' का लागि विमोचन दवाडीलाई जुरी प्रोत्साहन पुरस्कार प्राप्त गर्दा ज्योति राज राईको निर्माण रहेको 'नाक्छोड'ले विशेष चलचित्र पुरस्कार प्राप्त गरेको छ ।

### भावुक बनिन् मिरुना मगर



फिल्म 'ऊनको स्वीटर'का लागि सर्वोत्कृष्ट अभिनेत्रीको राष्ट्रिय पुरस्कार प्राप्त गरेपछि अभिनेत्री मिरुना मगरले भावुक प्रतिक्रिया व्यक्त गरेकी छन् । सामाजिक सञ्जालमार्फत उनले यो सम्मानलाई आफ्नो अभिनय जीवनको अविस्मरणीय उपलब्धि भन्दै दर्शक, सहकर्मी र परिवारप्रति कृतज्ञता व्यक्त गरेकी हुन् ।

मगरले सन् २०१८ मा अभिनय यात्रा सुरु गर्दा यस्तो उपलब्धि हासिल गर्ने कल्पना समेत नगरेको उल्लेख गर्दै अभिनय यात्रा केवल करिअर निर्माणको माध्यम नभई जीवनका अनेक अनुभव, चुनौती र सिकाइको स्रोत बनेको बताएकी छन् । "आज मेरो हृदय खुसीले भरिएको छ, तर परिवार यो क्षणमा सँगै नभएको अनुभूति पनि भइरहेको छ," उनले सामाजिक सञ्जालमा लेखेकी छन् ।

उनले आफ्नो सफलतामा योगदान पुऱ्याउने सम्पूर्ण दर्शक, शुभेच्छुक, सहकर्मी र फिल्म निर्माण टोलीप्रति धन्यवाद व्यक्त गरेकी छन् । दर्शकको माया, साथ र विश्वासले नै आफूलाई अझ राम्रो काम गर्न ऊर्जा दिएको उनको भनाइ छ ।

### विभिन्न व्यक्तित्वहरू सम्मानित

पुरस्कार समारोहमा नेपाली चलचित्र क्षेत्रमा योगदान पुर्‍याउने विभिन्न व्यक्तित्वहरूलाई समेत सम्मान गरिएको छ । जसमा अभिनेत्री मेनुका प्रधान, लक्ष्मी बर्देवा, एञ्जिला सुब्बा, निर्माता विनोद शेरचन, डा.सिंह गुरुङ (निर्माता/प्रदर्शक), अभिनेता रोहित रुम्बा, निर्देशक अभिनाशविक्रम शाह, चलचित्र प्रदर्शक विष्णुगोपाल श्रेष्ठ, पत्रकार प्रकाश सुवेदी र प्रोडक्सन म्यानेजर शङ्कर पाण्डे रहेका छन् ।

साथै, पत्रकारिता क्षेत्रबाट अमूल्य योगदान पुर्‍याएका स्वर्गीय दिनेश सिटौलालाई नगद ५० हजार रुपैयाँसहित विशेष सम्मान अर्पण गरिएको छ ।

## साहित्य

### आज्ञाकारी उपदेश

◆ शान्त प्रसाद भट्टराई

केही पाऊन धेरै मेहनत गुमाउँनुपर्छ
मेहनत गरी मीठो फल पाऊने आशा लिनु पर्दछ
एकै लक्ष्य लिइ अघि बढे सो मन मान्नुपर्छ
उत्तम कर्ममा निश्चय नै सार्थक कमाउँनुपर्छ
आफू हाँसी हाँसी अरूलाई हसाउँने यो जीवन
बनी आफैले व्यथा थपिने जीवन
तीतो पिरो नगर्नु कसैसित पनि
नराम्रो सोची कुभलो नगर्नु पनि
आज्ञाकारी बन्ने पट्टि लाग सधैभरी
अनुशासित भए जीवन सुनौला सधैभरी
कति मात्तिन्छन् सानो चीज पाए भनी
आफू बाचुँ अरूलाई बचाऔं भनी
कुकर्म गर्ने व्यक्ति भ्रमको बिऊ छर्दछन्
सामाजिक सेवा गरी ठूला धर्म कमाऊछन् ।

## लघु कथा

स्कूलको वार्षिक उत्सवको दिन थियो । उ□ाटन गरियो, झण्डोत्तोलन गरियो। र, ठूलठूला मानिसहरू भाषण गर्न बसे ।

हामी सेवाभावपूर्वक अध्यापन गरिरहेछौं- इमान्दारराज ज्यूले भन्नुभयो ।

त्यसपछि पालो थियो योगनाथजीको । हामीले यसकै लागि तन, मन र धन अर्पण गरिरहेछौं ।

उद्‌घोषक महोदयले सकसपूर्वकै भए पनि नाम उच्चारण गर्नासाथ अनुशासन निधिको आवाज आयो- सिर्जनाका स्रोत हौं हामी, जनशक्तिका सक्षम खानीः ज्ञानको ज्योती, संसारमा कुसंस्कारलाई अन्धकारमा !!

अन्तरध्वनिहरू विद्यालयमाथिको सगरमा फुक्दै र खुम्चिदै गरिरह्यो। घनघोर ताली पिटियो, आभास मिल्दथ्योः त्यस मंचबाट उम्केका प्रत्येक शब्दहरूको स्वागत आशाम्बी अनुहारहरू गरिरहेका छन् । यति हुँदाहुँदै पनि अस्तव्यस्त रूपमा आवाजहरू ओकलेर आकाशमा अन्तरध्वनि गराउने श्रद्धेय महानुभाव श्रीहरूमाथि गौर गरे अनौठो किसिमको हडबड पाइन्थ्यो । सभाको समापन गरियो, मञ्च रित्तियो । जमात तितरवितर भयो, बाटाको धूलो उडाइयो।

चराहरू आफ्नो गुँडमा फर्कनै लागेका थिए। इमान्दारराज, योगदाननाथ र अनुशासन निधिको जमघट बस्तीको कुनामा रहेको सुश्री नेप्टी नानीको सोमरस पसलको डबलीमा भयो । आशामुखी अनुहारहरू हेर्‍याहेयै भए। सुरेश घिमिरे, मोरंग

### चुड्किला

एक जना छट्टु र लालची साहू एक दिन रेस्टुराँमा खान गएछन् । पैसा दिनको लागि पैसा झिकेको बेलामा सयको एउटा नोट हावाले उडाएर लगेछ । त्यो पैसा खोज्नको लागि एक जना बेपरालाई बेलाएर भने- "हेर त, यहाँ मेरो दुई सय रूपियाँ हावालो उडाएर कता पुगेछ कता । यदि तिमीले पाउन सक्यौ भने त्यसमध्येबाट ५०/- रूपियाँ तिमीलाई दिन्छु ।

बेयराने पनि पैसा पाउने लालचले यताउति खोजेछ र एउटा सय रूपियाँको नोट फेला पारेर साहूलाई दियो । त्यो नोट पाउने बितिकै साहू रेस्टुराँबाट बाहिर जान थाल्यो ।

बेयराले साहूलाई रोकेर भन्यो- सर, अर्को नोट खोज्नु पर्दैन ? साहूले भन्यो- "भैगो, त्यो तिम्रै लागि भयो ।"


## सामान्य ज्ञान

१, नेपालमा कफी दिवस कुन दिन मनाइन्छ ?
(क) कात्तिक एक गते (ख) मङ्सिर एक गते (ग) पुस एक गते (घ) माघ एक गते
२, मुलुकको पहिलो ˆलाइओभर कहाँ निर्माण हुने भएको छ ?
(क) ग्वार्को (ख) सातदोवाटो (ग) चावहिल (घ) कोटेश्वर
३, नेपालले संयुक्त राष्ट्रसङ्घको सदस्यता कहिले प्राप्त गरेको हो ?
(क) सन् १९५५ डिसेम्बर १० (ख) सन् १९५५ डिसेम्बर १४ (ग) सन् १९५५ डिसेम्बर १५
(घ) सन् १९५५ डिसेम्बर २०
४, हाल विश्वमा कतिवटा अतिकम विकसित देश छन् ?
(क) ४६ (ख) ४७ (ग) ४८ (घ) ४९
५ ११, सार्क राष्ट्रले खाद्य बैक कहाँ स्थापना गरेको छ ?
(क) नेपालको काठमाडौंमा (ख) श्रीलंकाको कोलम्बोमा
(ग) भारतको नयाँ दिल्लीमा (घ) भुटानको थिम्पुमा

सही उत्तर
१-(ख), २-८((क), ३-(ख), ४-(क), ५-(ख)

## विश्व प्रसिद्ध व्यक्ति/व्यक्तित्व

# जमशेदजी टाटा



◆ सुमित्रा सिंह

**भारत : उद्योग-जगतका आदि-निर्माता**
**जन्म : सन् १८३५ मृत्यु : सन् १५०४**

भारतका आधुनिक उद्योग-निर्माताहरुमा जमशेद जी टाटाको नाम मार्गदर्शकको रुपमा लिइन्छ । आफ्नो ज्ञान, समयलाई चिन्ने शक्ति तथा उत्साहको कारणले उनलाई भारतमा औद्योगीकरणको शुरुवातका पितामह भनिन्छ । जमशेदजीले जुन समय भारतमा जुन प्रकारले उद्योग प्रारम्भ गर्ने सोचे, त्यसको कल्पना अन्य कुनै व्यक्तिले पनि गर्न सक्दैनथ्यो ।

जमशेदजीका बुबा नसरवानजी टाटा चीन र ब्रिटेनसँग कपासको व्यापार गर्दथे । यसको साथै उनले भारतसँग निर्यात-व्यापार पनि आरम्भ गरे । जमशेदजीले लगभग एक शताब्दी पूर्व नागपुरमा एक कपडा मिलको स्थापना गरे । त्यस समय भारतमा अधिकांश कपडा ब्रिटेनको लंकशायरका मिलहरुबाट आउँथ्यो । त्यस समय उनको यो प्रयास अत्यन्त सराहनीय थियो ।

भारतमा इस्पात कारखाना नलगाइकन देशमा औद्योगिक क्रान्तिको जग हाल्न सकिदैन भन्ने कुरा जमशेदजी टाटा राम्ररी बुझ्दथे । यो कुरा ठीक हो कि उनको सामुन्ने इस्पात कारखानाको स्थापना हुन सकेन तर कारखानाको पूरै योजना उनी स्वयंले नै तयार गरेका थिए । बनाइने इस्पातबाट उनले नगरीमा, जसलाई आज जमशेदपुरको नामले चिनिन्छ, मन्दिर, मस्जिद, गिरजाघर, सडकहरु, पार्क र खेलको मैदान आदि बनाउने योजना पहिले नै बनाएका थिए । उनको मृत्युको तीन वर्षपछि उनका दुवै छोराहरु सर दोराबजी टाटा र सर रतन टाटाले उनको यो सपनालाई साकार पारे । १९०७ मा टाटा इस्पात कारखानाको स्थापना गरियो ।

भारतीय उद्योगहरुको दृढ आधारशीलाको लागि विज्ञानको शिक्षा दिइनु पनि आवश्यक छ भन्ने कुरा टाटा राम्ररी बुझ्दथे । उनले इण्डियन स्कुल अफ साइन्सको स्थापनाको लागि बंगलोरलाई छनोट गरे । मुम्बईको पनबिजली योजना उनको दूरदर्शिताको एक महान् परिणाम हो । मुम्बईमा जमशेदजीले ताज होटलको स्थापना पनि गरेका थिए, जुन विश्वकै सर्वोत्तम होटलमा गनिन्छ ।

## विश्वकप विशेष

# विश्वकपमा ब्राजिलको गोल वर्षा, नकआउट चरण नजिक



## हाइटी ३-0 ले पराजित



एजेन्सी । फिफा विश्वकपमा ब्राजिलले हाइटीलाई ३-० ले पराजित गर्दै नकआउट चरणको सम्भावना बलियो बनाएको छ । शनिबार बिहान भएको खेलमा पहिलो हाफमै तीन गोल गर्दै ब्राजिलले प्रभावशाली प्रदर्शन गरेको हो । यद्यपि समूहबाट अन्तिम ३२ मा पुग्ने टोलीको टुंगो अझै लागिसकेको छैन ।

ब्राजिलका लागि माथिउस कुन्हाले २३औं र ३६औं मिनेटमा गोल गरे । पहिलो गोलपछि ब्राजिली समर्थकहरूले रंगशालामा विश्वकप ट्रफीजस्तै देखिने प्रतिकात्मक ट्रफी उचालेर उत्सव मनाएका थिए । पहिलो हाफको इन्जुरी समयमा भिनिसियस जुनियरले थप एक गोल गरेपछि ब्राजिलले ३-० को सहज अग्रता बनाएको थियो ।

खेलमा भिनिसियसको प्रदर्शन पनि उत्कृष्ट रह्यो । उनले एक गोल गर्नुका साथै कुन्हाको दोस्रो गोलका लागि पास उपलब्ध गराएका थिए । ब्राजिलले प्रतियोगितामा पहिलो पटक क्लिन सिटसमेत कायम गर्न सफल भयो । पहिलो हाफमा दबाब सिर्जना गरेको ब्राजिल दोस्रो हाफमा भने केही फितलो देखियो । फिफा वरीयतामा आफूभन्दा निकै तल रहेको हाइटीविरूद्ध ब्राजिलले दोस्रो हाफमा एउटा पनि सट अन टार्गेट गर्न सकेन । उल्टै हाइटीले आक्रामक खेल प्रस्तुत गर्दै केही अवसर सिर्जना गरेको थियो ।

खेलपछि ब्राजिलका मुख्य प्रशिक्षक कार्लो एन्सेलोटीले पहिलो हाफ उत्कृष्ट भए पनि दोस्रो हाफमा टोलीको प्रदर्शन सन्तोषजनक नरहेको स्वीकार गरे । उनले दुई गोल गरेका कुन्हाको प्रशंसा गर्दै आगामी स्कटल्यान्डविरूद्धको खेलमा पनि उनलाई अग्रपंक्तिमा निरन्तरता दिन सकिने संकेत दिए ।

अब ब्राजिलले समूह चरणको अर्को महत्वपूर्ण खेल स्कटल्यान्डविरूद्ध मायामीमा खेल्नेछ । उक्त खेलले समूह विजेताको टुंगो लगाउने सम्भावना रहेको छ । समूहमा ब्राजिलसँगै स्कटल्यान्ड र मोरोक्कोको पनि नकआउट चरण पुग्ने सम्भावना कायम छ ।

यसबीच चोटका कारण लामो समय राष्ट्रिय टोलीबाट बाहिर रहेका स्टार खेलाडी नेयमार स्कटल्यान्डविरूद्धको खेलमा फर्किन सक्ने अपेक्षा गरिएको छ । यद्यपि उनको फिटनेसबारे अझै पूर्ण स्पष्टता आएको छैन । अर्कोतर्फ, विंगर राफिन्हा घाइते भएपछि उनको अवस्थाबारे टोलीले थप परीक्षणपछि जानकारी दिने जनाएको छ ।

हाइटीमाथिको जितसँगै ब्राजिलले विश्वकप इतिहासमा ४१औं पटक एकै खेलमा तीन वा सोभन्दा बढी गोल गर्ने कीर्तिमान कायम गरेको छ । साथै, विश्वकपमा सर्वाधिक गोल गर्ने टोलीको सूचीमा जर्मनीलाई पछि पार्दै ब्राजिल शीर्ष स्थानमा पुगेको छ । ब्राजिलले विश्वकप इतिहासमा कुल २४१ गोल गरेको छ भने जर्मनीको नाममा २३९ गोल रहेको छ ।

## दैनिक राशिफल

आज मिति
२०८३ साल
असार ७ गते
आइतबार
21 June 2027
तिथि: सप्तमी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | मनमा अशान्ति । कामामा बाधा । आम्दानी कम। |
| वृष | इ उ ए ओ वा वि वु वे वो | पारिवारीक कलह । सामान्य लाभ । |
| मिथुन | का कि कु घ ङ छ के को हा | शत्रु बढ्ने । भाइबहिनीको सहयोग मिल्ने। |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | पढाईमा सफलता । लेनदेनमा भने केही समस्या |
| सिंह | मा मि मु मे मो टा टि टु टे | पारिवारिक झमेला ।मित्रबाट सहयोग । कृषि कार्यमा लाभ। |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | शत्रु पराजय । पराक्रम बढ्ने । मन प्रशन्न रहला । |
| तुला | रा री रु रे रो ता ती तु ते | बोलीको प्रभाव बढेर जाला । पढाईमा सफलता । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | कार्यमा सफलता । मातापिताबाट सहयोग । |
| धनु | य यो भा भी भ धा फा ढ भे | काममा बाधा । शत्रुको भय । मन खिन्न । |
| मकर | भो जा जी खि खू खे खो गा गी | आफन्तबाट सहयोग । ब्यापार व्यवसायबाट लाभ । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | थालेको कार्यमा बाधा । शत्रु बढेर जाला । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | अनुहारमा समस्या । मित्रहरु दाहिना होलान् । |

# चन्द्रदर्शन शाकोसद्वारा रक्तदान र दन्त शिविर

दमक । झापाको कमल गाउँपालिका वडा नं. ५, पाडाजुंगीमा शनिवार आयोजित रक्तदानमा ४४ पिन्ट रगत संकलन भएको छ ।

संस्थाको १६ औ स्थापना दिवस तथा १५ स्थित स्थानीय चन्द्रदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड ( शाकोस) को १६ औ स्थापना दिवस तथा १५ औ बार्षिकोत्सवका अवसरमा आयोजना गरिएको रक्तदानमा संस्थाका सचिव सञ्जय कुमालसहित सञ्चालक ,शेयर सदस्य, कर्मचारीहरु लगायतले रगतदान गरेका अध्यक्ष शेरवहादुर श्रेष्ठले जनाएका छन् ।

संस्थाको वार्षिक कार्यक्रम अन्तर्गत आयोजना गरिएको उक्त रक्तदानमा संस्थाका सञ्चालक समिति सदस्य भीमबहादुर कार्की,विभिन्न उपसमितिका सदस्यहरु सन्तोष कोइराला, सविता कार्की, कर्मचारीहरु पूजा बुढाथोकी, रिता विक ,शेयर सदस्यहरु युवराज कार्की, किसन राई, ताराबहादुर खड्का, अनिषा कुमाल लगायतले रगतदान गरेका थिए । रक्तदान नेपाल रेडक्रस सोसाइटी दमक शाखाले प्राविधिक सहयोग पुऱ्याएको थियो।

रक्तदानसँगै आयोजित नि:शुल्क दन्त शिविरबाट ३७ जना सर्वसाधारणले सेवा लिएको संस्थाका सचिव सञ्जय कुमालले जानकारी दिए । दन्त शिविर स्थानीय कमल डेन्टल क्लिनिकले प्राविधिक सहयोग पुरयाँएको थियो । शिविरमा दन्त रोग बिशेषज्ञ डा. अमितकुमारले दन्त परीक्षण गर्नुका साथैं आवश्यक स्वास्थ्य परामर्श दिएका थिए ।

नेपाल रेडक्रस सोसाईटी कमल शाखाका सभापति चन्द्र साहको प्रमुख आतिथ्यता तथा संस्थाका अध्यक्ष शेरबहादुर श्रेष्ठको अध्यक्षतामा भएको थियो । रक्तदाताहरुलाई प्रंशसा पत्रसहित टिसर्ट वितरण गरिएको थियो भने कार्यक्रममा बार्षिकोत्सवको उपलक्ष्यमा तयार पारिएको केक काटेर सहभागीहरुवीच खुसी साटासाट गरिएको थियो । अध्यक्ष श्रेष्ठका अनुसार संस्थाले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत हरेक वर्ष नियमित रूपमा रक्तदान तथा स्वास्थ्य शिविर जस्ता मानवीय सेवाका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । सो कार्यक्रममा कमल गाउँपालिका सहकारी समन्वय समितिका अध्यक्ष प्रमोद दाहाल , रेडक्रस दमकका रक्तसञ्चार प्रवर्द्धक सिद्धार्थ दाहाल,संस्थाका उपाध्यक्ष प्रेम कार्की,सञ्चालकहरु, शेयर सदस्यहरु लगायतको समेत उपस्थिति रहेको थियो ।

**सीमादेखि...**मुख्य गरेर पाँच प्रकारका कार्यक्रम सञ्चालन गरिने छ । पहिलो कार्यक्रम पोस्टरिङ रहेको छ । पोस्टरिङ क्याम्पियनअन्तर्गत पालिकाभित्रका सवै विद्यालयहरुमा टाँस्नका लागि जनप्रतिनिधिहरुलाई पोस्टर दिइने भएको छ ।

त्यस्तै दोस्रो कार्यक्रम 'टीच द टिचर्स' रहेको छ । विद्यार्थीहरुलाई सचेत बनाउने कडी शिक्षकहरु भएकाले लागूऔषधविरुद्ध सचेतना जगाउन शिक्षकहरुको सहयोग लिइने छौं । लागूऔषधविरुद्धको कक्षा सञ्चालन गर्न १५० जना शिक्षकलाई तालिम दिएर अभियानमा खटाउने योजना रहेको उनले बताए ।

उनले तेस्रो कार्यक्रम फुटबल पार्टनरसीप रहेको छ । युवा लक्षित त्यस कार्यक्रम अन्तर्गत पाँचवटा मैत्रीपूर्ण फुटबल प्रतियोगिता गराइने भएको छ । चौथो कार्यक्रम अन्तर्गत राजनीतिक दल, सामाजिक संघसंस्था, नागरिक समाजको सहयोग लिएर घरघर सचेतनामा घरघर जानेछौं ।' महानिरिक्षक कार्कीले जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालयको अभिलेखले सेवनकर्ता र कारोबारी दुवैको संख्या वर्षेनी बढिरहेको देखाउँछ । काँकरभिट्टा, चन्द्रगढी, बिर्तामोड र दमकजस्ता मुख्य सहरी क्षेत्रमा यसको प्रभाव बढी देखिएको छ ।

इलाका प्रहरी कार्यालय दमकका प्रमुख प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतका अनुसार पछिल्ला घटनाक्रमले दमक लागूऔषध प्रयोगको संवेदनशील केन्द्र बन्दै गएको संकेत गरेका छन् । उनले नियन्त्रणका लागि सुरक्षा निकायको प्रयास मात्र पर्याप्त नहुने भन्दै परिवार, समुदाय र स्थानीय तहको सक्रिय सहभागिता आवश्यक रहेको बताए ।

समस्याको अर्को पाटो पुन:स्थापना सेवामा देखिन्छ । झापामा सञ्चालित २७ वटा पुन:स्थापना केन्द्रमा हाल ८ सय ४५ जना युवा उपचाररत रहेको तथ्यांक छ । अधिकांश बिरामी १६ देखि ४० वर्ष उमेर समूहका रहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी उपरीक्षक बसुन्धरा खड्काले जानकारी दिइन् ।

सरोकारवालाहरूका अनुसार विद्यालय, कलेज, सार्वजनिक स्थल तथा बजार क्षेत्रमा सुर्तीजन्य पदार्थ र मदिराको सहज उपलब्धताले पनि किशोर तथा युवालाई जोखिमतर्फ धकेल्ने वातावरण निर्माण गरेको छ । सार्वजनिक स्थलको निश्चित दूरीभित्र यस्ता वस्तुको बिक्री(वितरण रोक्ने कानुनी व्यवस्था भए पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको गुनासो स्थानीयको छ ।

लागूऔषध दुरुपयोगले व्यक्तिगत स्वास्थ्यमा मात्र होइन, सामाजिक संरचना र सार्वजनिक सुरक्षामा समेत प्रत्यक्ष असर पारिरहेको विज्ञहरू बताउँछन् । चोरी, लुटपाट, हिंसा तथा अन्य आपराधिक गतिविधिसँग यसको सम्बन्ध देखिन थालेपछि सुरक्षा चुनौतीसमेत बढेको छ ।

यसैबीच जिल्ला प्रहरी कार्यालय झापाले 'लागूऔषधविरुद्ध झापा अभियान' सञ्चालन गर्दै विद्यालय, स्थानीय तह, अभिभावक समूह, युवा क्लब तथा नागरिक समाजलाई जोडेर सचेतना र रोकथामका कार्यक्रम अघि बढाएको छ । तर बढ्दो माग, खुला सीमा, बेरोजगारी, कमजोर पारिवारिक निगरानी र सामाजिक उदासीनताका कारण समस्या नियन्त्रण अझै कठिन देखिएको छ । नियन्त्रणका लागि प्रहरी कारबाहीसँगै परिवार, शैक्षिक संस्था, समुदाय र राज्यका सबै निकायबीच समन्वित तथा दीर्घकालीन रणनीति अपरिहार्य बनेको देखिन्छ ।

**लागुऔषध....**कार्कीले लागुऔषधको नियन्त्रणको अभियानमा सबैले साथ दिन आग्रह गरे ।

समारोहमा जिल्लाका सरोकारवाला संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति उपस्थिति रहेको थियो । बिर्तामोड नगरपालिकासँगको सहकार्यमा आयोजित उद्घाटन कार्यक्रममा बिर्तामोड नगरपालिकाका नगर प्रमुख पवित्रा महतारा प्रसाई, उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, अर्जुनधारा नगरपालिकाका नगर प्रमुख बलदेवसिंह गोम्देन, उपप्रमुख खड्गमाया पराजुली, हल्दिवारी गाउँपालिकाका अध्यक्ष रविन्द्र लिङ्देन, कनकाई नगरपालिकाकी उपप्रमुख आशा शिवाकोटी र गौरीगञ्ज गाउँपालिकाकी उपाध्यक्ष पुजन न्यौपाने कुँवरलगायत सहभागी थिए । सोही कार्यक्रमका बिच चेतनामुलक लागूऔषध सम्बन्धी नाटकसमेत प्रस्तुत गरिएको थियो भने सांस्कृतिक कार्यक्रमपनि प्रस्तुत गरिएको थियो ।

**पार्टीमा....**दाहाल 'प्रचण्ड' र धरानका मेयर हर्क साम्पाङ सहभागी नहुने निश्चित भएको छ । यद्यपि राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन उद्घाटन समारोहमा सहभागी हुनेछन् ।

सभापति रवि लामिछानेले महाधिवेशनलाई पार्टीको संस्थागत सुधारको अवसर भन्दै आन्तरिक लोकतन्त्र मजबुत बनाउन जोड दिएका छन् । उनले पार्टीभित्र अस्वस्थ प्रतिस्पर्धाबाट टाढा रहन कार्यकर्तालाई निर्देशन दिँदै लोकतान्त्रिक अभ्यासलाई मजबुत बनाउन महाधिवेशन अपरिहार्य भएको बताएका छन् ।

सुरक्षा, संगठन र राजनीतिक सन्देश(यी तीनै पक्ष मिसिएको रास्वपाको यो महाधिवेशन केवल पार्टी कार्यक्रम मात्र नभई राष्ट्रिय राजनीतिक मञ्चमा आफ्नो उपस्थिति सुदृढ गर्ने रणनीतिक प्रयासका रूपमा देखिएको छ ।

**प्रम....**आत्मविश्वासका साथ अघि बढेको उनको भनाइ छ । उनले बालेनलाई सरल, स्पष्टवक्ता र सेवाभावी व्यक्तिका रूपमा चित्रण गरेकी छन् ।

प्रधानमन्त्रीको भूमिकामा रहेका बालेन शाहबारे उनले सञ्चार र संवाद अझ प्रभावकारी हुनुपर्ने सुझाव दिएकी छन् । सुशासन, भ्रष्टाचारविरुद्धको अभियान र विकासका एजेन्डामा ध्यान दिनुपर्ने आवश्यकता पनि उनले औँल्याएकी छन् । महिलाको सशक्तीकरणबारे बोल्दै सविनाले आर्थिक आत्मनिर्भरतालाई सबैभन्दा

महत्वपूर्ण आधार मानेकी छन् । शिक्षासँगै आर्थिक रूपमा सक्षम महिला मात्र आत्मविश्वासी र निर्णयक्षम बन्न सक्ने उनको भनाइ छ । साथै उनले छोरा( छोरीबीच समान अवसर र व्यवहार आवश्यक रहेकोमा जोड दिएकी छन् ।

नेपालमा युवाहरूको राजनीतिक सहभागिता बढ्दै गएको उल्लेख गर्दै सविनाले पुराना पुस्ताले मार्गदर्शक भूमिका निर्वाह गर्दै नेतृत्व हस्तान्तरण गर्नुपर्ने बताएकी छन् । आफू भने प्रधानमन्त्री पत्नीको परिचयभन्दा बाहिर आफ्नै पहिचान, सेवा र सामाजिक उत्तरदायित्वमा आधारित जीवन निर्माणमा प्रतिबद्ध रहेको उनले स्पष्ट पारेकी छन् ।

**कोशी....**बढी गर्मी हुने प्रक्षेपण विभागले गरेको छ ।

मनसुनको प्रवेशसँगै कोशी प्रदेशका हिमाली, पहाडी र तराईका भू(भागमा केहीदिन मेघगर्जन र चट्याङसहित मध्यम वर्षाको सम्भावना छ । कोशीमा मनसुन सक्रिय भइरहँदा बागमती र गण्डकी प्रदेशका पहाडी भू(भागमा पनि वर्षा सुरु भएको छ । यद्यपि, देशको पश्चिमी भू(भागमा भने अझै गर्मीको लहर कायमै छ ।

**देशभर...** कार्यका कारण एक महिनासम्मका लागि पूर्ण रूपमा बन्द गरिएको छ ।

गण्डकी प्रदेशमा पहिरोका कारण दुई प्रमुख सडक खण्ड अवरुद्ध भएका छन् । लमजुङको बेँसीसहर नगरपालिका(६ खरखरे भिरमा खसेको पहिरोले बेँसीसहर(मनाङ सडक खण्ड बन्द भएको छ । त्यसैगरी नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को गैंडाकोट नगरपालिका( ३ घोक्रफाँट क्षेत्रमा खसेको पहिरोका कारण कालीगण्डकी करिडोर पूर्ण रूपमा अवरुद्ध भएको छ ।

सडक विभागले वर्षायाममा यात्रा गर्दा मौसम तथा सडक अवस्थाबारे जानकारी लिएर मात्र यात्रा गर्न अनुरोध गरेको छ । अवरुद्ध सडकहरू खुलाउने कार्य जारी रहेको जनाइएको छ ।

## अन्तर्राष्ट्रिय

### तालिबानको पाकिस्तानमा हवाई आक्रमणको दाबी

एजेन्सी । अफगानिस्तानको तालिबान सरकारको रक्षा मन्त्रालयले आफ्नो वायुसेनाले पाकिस्तानको बलुचिस्तान र खैबर पख्तुनख्वा प्रान्तमा आईएसआईएस(खोरासानसँग सम्बन्धित ठेगानामा हवाई आक्रमण गरेको दाबी गरेको छ । मन्त्रालयका अनुसार बलुचिस्तानको गुलिस्तान र शकर क्षेत्र तथा खैबर पख्तुनख्वाको ओराकजाई जिल्लास्थित कम्बरखेल क्षेत्रमा रहेका लक्ष्यहरूमा आक्रमण गरिएको हो । ती स्थानहरू अफगानिस्तानमाथि आक्रमणको योजना बनाउन प्रयोग भइरहेको दाबी गरिएको छ ।

बीबीसी पश्तोले स्रोतलाई उद्धृत गर्दै आक्रमणमा आईएसआईएस(के का केही शीर्ष नेताहरू मारिएको हुनसक्ने जनाएको छ । तालिबानले अफगानिस्तानविरुद्धको कुनै पनि खतरा सहन नहुने चेतावनी दिँदै त्यस्ता गतिविधि पूर्ण रूपमा रोक्ने प्रतिबद्धता जनाएको छ । यसबारे पाकिस्तानले भने अहिलेसम्म प्रतिक्रिया दिएको छैन ।

### अमेरिका-इरान सम्झौता संकटमा तनाव झन् बढ्ने संकेत

एजेन्सी । अमेरिका र इरानबीच तनाव कम गर्न गरिएको १४ बुँदे युद्धविराम तथा समझदारी कार्यान्वयन नहुँदै संकटमा परेको छ। इरानी संसद्को राष्ट्रिय सुरक्षा आयोगका प्रमुख इब्राहिम अजिजीले अमेरिका सम्झौताको पहिलो सर्तमै असफल भएको आरोप लगाउँदै कडा आपत्ति जनाएका छन् । अजिजीले चेतावनी दिँदै सम्झौता उल्लङ्घनको जवाफ इरानले 'स्मार्ट' ढंगले दिने बताएका छन् ।

यता, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई वार्तामा बाध्य भएको दाबी गर्दै कडा प्रतिक्रिया दिएका छन्। उनले इरानलाई कुनै आर्थिक सहयोग नदिने घोषणा गरेका छन् ।यसैबीच, उपराष्ट्रपति जेडी भान्सको स्विट्जरल्यान्ड भ्रमण स्थगित भएपछि दुई देशबीचको प्रत्यक्ष वार्ताको नयाँ चरण पनि अनिश्चित बनेको छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्







## मौसमी हाँस्य-व्यंग्ये

### कमरेड हरिराम पनि कतिपय होइन धेरैपय पोल त ठिकै खोल्छन्

-: 'व्यंग्यनारान पाँडे' :-

अस्तिको आइतवार मातेर झिल्लु अवस्थामा पाँडेकहाँ आएको र नानावली बकेको सम्झेर हो कि डर र धक लतरान मुडमा आज फेरि आएको थियो जँड्याहा पुरेत 'हरिराम बाजे' । आज उसले 'ऐंठन-पानी' प्रयोग नगरेकाले होला सतङ्गो र सावधान थियो । ऊ सरासर पाँडेको बार्दलीमा आयो र, आज चाहिँ, शिष्ट नमस्कार पनि गरेपछि भन्यो -" खोइ !... अब दश मैनापछि हुने पालेकाहेरूको एलेक्सिनको भोट हुने सरकारले काटमाडुँका मेडिआबड बोडकास गरेको त तपइँले पनि सुन्यौ होला नि ? तेस एलेक्सिनमा 'भोटर-भोटर्नी'-का म्यासिमम् भोट आफ्ना बाकसतिर आकारश्रित गरेर आफ्आफ्ले फेरि-पुनहँ जितेर चाइने उँधेरकै उजाति गर्ने मेलो मिलाउने करतब्बेतामा हामेरको भद्रपुरका हाल-साभिख नेता-नेतानीहेरू पनि हत्तै बिज्जी भइरछन् अैले ।"

उसले एकाएक उठाएको यो टुप्पो न फेदको प्रसंगसँग पाँडेले पटक्कै चासो नभएको जस्तो गरि भन्यो - "एएएए !"...

उसले एकछिन् पाँडेतिर हेरेर मुड अज्माएपछि फेरि फलाक्न थाल्यो -"इण्ड्यान बेहारी-बैहरानींको अरिङ्गाले गोलो खन्निएको खन्न्यै छ हामेरको भद्रपुरमा । मेची खोलाको बगर, क-कसका बाँजा कित्ता, नाला-पैनी र बाटाकै डिलहेरू होल-टोट्टलै बेहारीकै लेटिनमए भ'र ठस्ठस्ती गनाउने भइसक्या छन् । बेहारीले खाना पनि एकेक पाथी खान्छन् अरे र टोएलेट त झन् डे-डेढ पाथी नै पो फततततत गोर्ब्याउँछन् अरे ।....क्यार्ने र, हामेरका नेता-नेती उँधेरकै बथान बढाउने पच्छेमा छन् ! नहुन् पनि किन ? हामेरका भुरा जुँगाका रेखी देखिने ट्याममै बिदेस हान्निइजान्छन् र एस ठामका घरहेरू याम्टी हुने चलन चल्ती छ ! भोटलाई मान्छे न्यास्सेसोरी नहुने भा त दोडा लाठेलाई ज्यालामा लाउँदा भइजान्थ्यो -तो नाथे भोटपत्रमा टाँचाको ठ्याम्का त के एउडै लाठेले एक-दुई डोकै ठोकिहाल्थ्यो नि एक बेलामै । तर, अइन् कानन् पढ्केहरले दिंदैनन् ! अन्तखेरि ती विदेस अन्भरिएका हामेरका छाउरा-छाउरीका नाममा बेहार ठाकुरगन्जा-किसुनगन्जाका इस्टुड्यान-इस्टुड्यान्नीहेरू नगुहारी हुने भा पो - आखिर तिन्का बाऊ, भइआ-भइआनी, मउसा-मउसानी एतैका भोट्टर-भोट्टर्नी भ'र सिकेन्सको कन्जुगल मिलाइसकेकै छन् । फेरि आर्कातिर घर-घरमा कम्मरलाई हातले चेपेर घुँडा पढकाउँदै उटबस गर्दै बाँचिराखेका कम्जोड बूढाखाडाको घर बडार्नसम्मन पनि मान्छे-मान्छी जो भा पनि चाइएइ चाइया छ केरे । मान्छे नभसि तिनै बेहारी-बेहार्नीलाई भा पनि घर बढार्ने, जुठो सोर्ने, न्वाउँदा भिजेका कट्टु-लगउँटीहेरू जम्मै धुने, कुक्कुर-कुत्ता र कुखाहेरू पाल्या छन् भनेदेखुन् तिन्का गोबर सोर्ने इत्तेदि काम लाउनैपर्णे बाद्देता छ ! एस्ता घिनको फोहोरी काम गर्न मान्छेले हत्तपत्त नमाने पनि बेहारीहेरूले इज्जिल्यै मान्छन् भन्ने किल्लेर छइँछ केरे । एस दिस्टिकोनले त नेता-नेतीले भोटसित नाग्रिक्ताका काठ सटाइ-पटाइको बिन्निमहे गर्णे धन्धा अघाडि बढाउने लइनको पोल्टिस् गरे गरून् नि, चइनेकेरे देस र रास्टको भबिसेकमा जेसुकै भओस् कि मरोस् , तेसको क्यारलेस गरेर किन ट्यान्सिन लिने अनि पेटाँ कटक्क हेडेक गराइरनु, होइन्त ? तर, लेकिन अगि मैले भने अन्सार जतातते लेटिन गरेको टट्टी गनाउने समस्से मात्तै होइन फर्माइसी खोलेर हामेरका निर्धा सोजासाजा नेपालीलाई डेटएस्पाएर मेडिसिन बेत्ने, बजारमा सडेगलेका हरिआ, राता, पहेंला, बइगुने इत्तेदि रङका साकसब्जी तेइ-तेइ रङले रँगाएर ल्याई बेत्ने उँधेरै छन् । बाटा किनारमा धुलो ख्वाएर फैलाका अखाद्दे भइसकेका मिठाई-उठाई बेत्ने उँधेरू नै छन् । हामेरले एक कुरा बाली नसक्तै ती कुनैले पनि बार-चउध कुरा गरिहाल्छन्, 'हाम्नेरू भी इता नापालके लाग्रिकका पर्चीवाला छुँ' भन् -र जितिहाल्छन् । तपइँले एसता समस्से क्यारलेसै गरेका छौन र मेरा कुराको दिउल छ्याङ्ग बुद्छौ बुद्दैनौ कोन"....

पाँडेलाई कुन्नि किन त्यसका गन्याने कुरा ठिक्ठिकै जस्तो लाग्यो र के भन्न खोज्दैथ्यो तर हरिरामले उछिनिहाल्यो -"हामेरको भद्रपुरमा हट्टा-हट्टामा छापा गरेर बाँडिने खालका मेड्याका अक्बार पत्रिकाहेरूले अैले मैले विवर्ण दिए जैसा कुरा पत्रिकाँ पिटिस्सै उठाउँदैनन्! बरू पाएका ट्याम-ट्याममा तिन्का विग्यापन छापा गरेर नखत लुँड्याको मैले आँखाभरि देख्या छु । इ कौनैको केइ भेलु छैन । एस्ता मेड्या त..."

अहिले भने पाँडेले उसलाई ओभटेक गर्दै सोध्यो- "अनि अस्ति टुन्न मातेर आ'का दिन त त्यो यतातिर कैल्यै नदेखिने पत्रिकाको खूब प्रशंसा गर्थ्यौ त । त्यसैलाई छाप्न लाउनु नि जे छाप्न चाहेको हो अनि छर्नु क्या अड्डैपिच्छे बजार र घर-घरमा तिमीले नै ? कि छाप्तैन त्यसले ?"

उसले जिब्रो फुत्त बाहिर निकाल्दै भन्यो -" हत्तेरिका हओ के कुरो बकेको तपइँले ? पेस कउन्सिलिङको 'क' स्रेनीको हण्डी खाइराख्या उस्तो उच्चा दर्जाको मेडिआलाई एस्ता भ्याउकाने कुरा छापेर बजार-बजार र घघर्मा छर्न पेस्टिचले दिन्छ ? 'बा' मउसुपको भजन छापिने पत्रिकामा यो भ्याउरे भद्रपुरका झिनामसिना टपिक त छ्यास्स छुन पनि काँ मिल्छ त अन्तखेरी ! तेसो गर्दा त 'बा' मउसुपको इजोत माटामा मिल्दैन ? तेस्तो खाँट्टी पत्रकार गरिराख्या 'क' स्रेनीको मेड्या पो हो त तो त । गोप्पेमै गोडा पान्दसेक छापिन्छ, गोप्पेमै काँ-काँ पुगाउने गउँडा हो त्याँ खुसुक्क पुगाइन्छ र गोप्पेमै मूल्लेडकिनमा पर्णे गर्छ क्या! तेसै पेस कउन्सिलिङले मन्थली अलेली हो र ? फोर्टी-फाएब्टी हज्जार रुप्पेको बल्यो हण्डी ख्वाइराख्या हो के त ? तेस्तो उच्चा मर्ज्यादित मेड्या हो क्या सो हामेरको पच्छेको पत्रिका । भारेभुरे ठान्या तपइँले ?"...

पाँडेले अझै पनि मन थामेर भद्र भाषामै भन्यो -"उसो भए तिमी 'पुरोहितिक कम्रेड्याइँ'-ले यस ठाउँमा प्रतिष्ठित हुँ आफै भन्दै हिड्ने मान्छे, पालिकाका अध्यक्ष-उपाध्यक्ष र वडाध्यक्षहरूलाई भन्नु नि त । उनेरले तिम्रा कुरा खाँदा हुन् नि !"

ऊ एक रील खिस्टाइलो हाँसो हाँस्यो र भन्यो -"ए, ती अदच्छ, उप र वडा मालिकलाई म सोयम् सम्मनको अर्गनीकै गुनासो सुन्ने कैले सुर्सुत हुन्छ र हओ पाँडेजी ? तेइ पनि बेहारी भोट्टर-भोट्टर्नीको एगेनेसका कुरा उनेरले के सुन्थे ! उँधेरूमद्दे अदच्छे र उपलाई उद्दोघवाला, मेलवाला, धेरै मदुरे बेहारी पाल्ने कार्खानावाला, खान्दानी क्याँटवाला इत्तेदि ठूलाठालाका घराँ हुने पुजा-व्रत, ब्या-बटुलो, न्वारान-पुरानमा धाउनै अनि पर्मुक अथिति-विशिष्ट अथिति हुनै बिज्जीका बिज्जी बिचाराहेरू ! यो लो'तान्त्रिक गन्तन्त्रमा थानिए पोल्टिस हाँक्न पनि गारै छ नि अन्तखेरी ! फेरि उँधेरको पाटीको भक्त-पर्लादको खुलासा हुनु परो । आफ्नो र आफ्नाका घर जाने बाटो-घाटो बनाउने, मर्मत गर्ने जिम्माबारी एसै मौका-चानसमा पूरा नगरे आउँदो-अगामी दस मैनापछि क्या हो कसो !...तपइँले भन्या जैसो सैलो इज्जी काँ छ र हओ , काँ सैले र इज्जी छ र ! तपइँलाई पोल्टिसे ट्याउटिस गरेर गुज्रा चलाउने अन्नुभउको एस्पीरेन भा पो !".....

उसका कुरा बटारिन थालेकाले, पाँडेले आँखा फुकालेर उतिर हेर्दै के भन्न आँट्तैथ्यो हरिराम मिलिक्कै उठेर सीँढीनेर पुगिगो र भटाभट ओर्लिएर हतार-हतार बाटो लाग्यो ।.... अनि ऊ हतार-हतार गइरहेतिर हेर्दै मनमनमा आफैलाई भन्यो -" देखिस त पाँडे प्रेस काउन्सिलको 'वर्ग'-का कुरा ! जहाँ पनि यस्तै यस्तो चल्दैछ है अहिलेसम्म पनि !"....

◆ ◆ ◆

लाईफ लाईन अस्पताल प्रा.लि.
दमक-५, झापाको
सुपर स्पेशियालिटी ओपीडी सेवाहरू
प्रत्येक शनिबार
१. डा. रामसागर शाह : बरिष्ठ युरोलोजिष्ट
२. डा. खुश्बु प्रिया मिश्र : बरिष्ठ ग्यास्ट्रोईन्टरोलोजी
३. डा. सन्तोष सुवेदी : बरिष्ठ नफ्रोलोजिष्ट
४. डा. सम्पन्न बुढाथोकी : बरिष्ठ कार्डियोलोजिष्ट
सम्पर्क : ९८०१४१४२८६, ९८०१४१४२८३
समय : बिहान १० बजेदेखि २ बजेसम्म ।